नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

(कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा)

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर

अनामनगर, काठमाडौं
नेपाल ।

पत्र संख्या : २०७७/०७८

च.न. : ३८५

मिति : २०७८/०३/२८

विषय: आर्थिक बर्ष २०७७।०७८ को बार्षिक खाता बन्दी सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै
श्री प्रदेश लेखा ईकाई कार्यालय, सबै

प्रस्तुत बिषयमा आर्थिक बर्ष २०७७/०७८ को बार्षिक खाता बन्दी सम्बन्धमा यस कार्यालयको मिति २०७८/०३/२८ को निर्णय अनुसार तपसिल बमोजिम गर्न गराउनु हुन अनुरोध छ ।

तपसिल

१. कार्यालयले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य समयमै सम्पन्न गर्न कामको चापलाई मध्यनजर गरी कार्यालय समय अघि पछि समेत सेवा दिने व्यवस्था मिलाउने । महालेखा नियन्त्रक कार्यालयद्वारा व्यवस्थित गरिएका सूचना प्रविधिमा आधारित TSA, CGAS, RMIS, PAMS र SuTRA प्रणालीहरुमा कुनै समस्या देखिएमा महालेखा नियन्त्रक कार्यालयलाई यथाशीघ्र जानकारी गराउने।

२. जिल्लास्थित कार्यालयहरुका आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीहरु तथा सरकारी कारोवार गर्ने बैंकहरुसँग समेत आवश्यक समन्वय र सहकार्य गरी समयमै आर्थिक कारोबारसँग सम्बन्धित कार्य सम्पादन हुने व्यवस्था मिलाउने ।

३. विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको बजेट उपशीर्षकहरु बाहेकका बजेट उपशीर्षकहरुमा खर्च नभई बाँकी रहेको निकासा रकम चालु आर्थिक बर्ष भित्रै कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता हुने व्यवस्था मिलाउने ।

४. हिसाब मिलान गर्ने तथा खर्च लेखी राजस्व खातामा रकम जम्मा गर्ने प्रयोजन बाहेक आर्थिक बर्षको अन्तिम दिन भुक्तानी निकासा नदिने ।

५. आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा सात दिन अगावै सम्बन्धित कार्यालयहरुले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा/भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्ने/गराउने व्यवस्था गर्ने ।सो अवधि समाप्त भएपछि कार्यालयलाई कार्यक्रम संशोधन भई थप बजेट प्राप्त भएमा, खर्चको स्रोत परिवर्तन भएमा वा अति आवश्यक काम परी खर्च गर्नु परेमा त्यस्तो खर्च पुष्ट्याँई गर्ने बिल, भरपाई बजेट थप भएको प्रमाण र अन्य कागजातसहित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरी भुक्तानी निकासा माग भएमा कोष तथा लेखा नियन्त्रक कार्यालयले प्राप्त बिल, भरपाई र सो साथ संलग्न कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन आवश्यक देखेमा सम्बन्धित व्यक्ति वा फर्मको नाममा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (२) बमोजिम भुक्तानी निकासा दिने व्यवस्था मिलाउने।प्रदेश तथा स्थानीय तहमा सञ्चालन भईरहेका तर कोभिड-१९ को कारण प्रभावित आयोजना तथा कार्यक्रमको भुक्तानी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (७) बमोजिमको अवधिमा हुन नसकेमा यस आर्थिक वर्षको प्रयोजनका लागि ऐ. नियमको उपनियम (२)

टेलिफोन नं. :- ०१ ४७७१२९०, ४७७०८९५, ४७७०३८६ (ext - २१९), फ्याक्स : - ०१ ४७७१२९१,
email : tms@fcgo.gov.np, website : www.fcgo.gov.np

Scanned with CamScanner

अनामनगर, काठमाडौं
नेपाल ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

पत्र संख्या : २०७७/०७८

बमोजिम त्यस्तो प्रभावित आयोजना तथा कार्यक्रमको भुक्तानी सम्बन्धित प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्ने व्यवस्था मिलाउने ।

६. २०७८ असार मसान्तसम्म बजेट खर्च खाता (जोर बर्ष) र २०७८ श्रावण १ गतेदेखि बजेट खर्च खाता (बिजोर बर्ष) बाट भुक्तानी हुने व्यवस्था मिलाई बजेट खर्च खाता जोर बर्षका लागि २०७८ असार मसान्तसम्म काटिएका नेपाल सरकारको भुक्तानी हुन बाँकी चेकहरुको विवरण सरकारी कारोबार निर्देशिका, २०७६ को फारम नं. १ (अनुसूचि २१), प्रदेश सरकारको भुक्तानी हुन बाँकी चेकको विवरण सरकारी कारोबार निर्देशिका, २०७६ को फारम नं. १ (अनुसूचि ३६) अनुसार २०७८ श्रावण ३ गते भित्र सरकारी कारोवार गर्ने बैंकमा पठाई चेकहरु भुक्तानी हुने व्यवस्था मिलाउने ।

७. आ.व.२०७७/०७८मा जारी भएका श्रोतमा करकट्टी, नियमानुसारको मु.अ.करकट्टी लगायतका सरकारी खर्चसँग सम्बन्धित सबै किसिमका राजश्वको चेक असारमसान्त भित्रै जम्मा गरी सक्ने व्यवस्था मिलाउने ।

८. आ.व.२०७७/०७८ मा धरौटी तथा कार्य संचालन कोषहरुमा जम्मा हुने गरी जारी भएका चेकहरु आर्थिक बर्ष भित्र नै सम्बन्धित खातामा जम्मा हुने व्यवस्था मिलाउने ।

९. २०७८ असार मसान्तसम्म बैंकले चेक साटेको तर Bank Statement मा उल्लेख नभएको लगायतका कारणले Day Close मा नपरेका चेकहरु भए यकिन गरी बैंकसँग समन्वय गरी प्राप्त प्रमाणको आधारमा Day Close मा समावेश गरी बैंकलाई सोधभर्ना दिने । तर म्याद समाप्त भई नसाटिएका चेकहरु रहेको भएमा आ.ब. २०७७/७८ भित्रै एकल खाता कोष प्रणालीमा REFUND गरी भुक्तानी/निकासा घटाई सम्पूर्ण हिसाव मिलान गर्ने ।कोष तथा लेखा नियन्त्रक कार्यालयबाट असार मसान्तसम्म जारी भएको चेक वा विद्युतीय कोषको भुक्तानी कुनै कारणले पन्ध्र दिनभित्र नसाटिएमा वा भुक्तानी पाउनेको खातामा रकम जम्मा नभएमा सम्बन्धित कार्यालयबाट निकासा र खर्च घटाई भुक्तानी आदेश सहित साउन २१ गतेभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा र खर्च समायोजनको लागि पठाउने व्यवस्था मिलाउने ।

१०. सोझै भुक्तानी तथा बस्तुगत सहायताको खर्चलाई सम्बन्धित कार्यालयबाट भुक्तानी आदेश प्राप्त गरी आ.ब.२०७७/७८ भित्रै एकल खाता कोष प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था मिलाउने ।

११. स्थानीय तहको वित्तीय/आर्थिक व्यवस्थापनका लागि प्रयोग भैरहेको स्थानीय तह सञ्चित कोष प्रणाली (SuTRA) आ.ब.को असार ३० गतेको रातको १२:०० बजे पश्चात चेक काट्न नमिल्ने गरी बन्द हुने भएकोले सो अगावै स्थानीय तहसँग सम्बन्धित सम्पुर्ण आर्थिक कारोबार SuTRA प्रणालीमा नै अद्यावधिक हुने व्यवस्थाका लागि स्थानीय तहसँग समन्वय गर्ने ।

१२. स्थानीय तहहरुमा हस्तान्तरण हुने समानीकरण, सशर्त, समपुरक तथा विशेष अनुदानहरुको LMBIS अनुसारको बार्षिक बजेट तथा को.ले.नि.का. एकल खाता कोष प्रणाली अनुसारको निकासा/भुक्तानीसँग स्थानीय तहको प्रतिवेदनसँग भीडान गरी अद्यावधिक हुने व्यवस्था मिलाउने।



Scanned with CamScanner

नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

(कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा)

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

अनामनगर, काठमाडौं
नेपाल ।

पत्र संख्या : २०७७/०७८

१३. स्थानीय तह विभाज्य कोष खातामा जम्मा भएको राजश्व रकम नियमानुसार बाँडफाँड गरी आर्थिक वर्षको अन्त्य सम्ममा शुन्य मौज्दात बनाउन जिल्ला स्थित स्थानीय तहहरुसँग समन्वय गर्ने ।

१४. स्थानीय तह तथा प्रदेश सरकारबाट खर्च नभई बाँकी रहने रकम बैदेशिक श्रोत तर्फको भए २०७८ असार मसान्त भित्रै फिर्ता गर्ने व्यवस्था मिलाउने ।

१५. स्थानीय तहहरुका खर्च तथा कार्य सञ्चालनस्तरका खाताहरुबाट असार मसान्तसम्ममा काटिएका तर बैंकबाट स्थानीय तहको भुक्तानी दिन बाँकी चेकको विवरण सरकारी कारोबार निर्देशिका, २०७६ को फारम नं.१ (अनुसुचि ४२) स्थानीय तह संचितकोष व्यवस्था प्रणाली (SuTRA) बाट तयार गर्न लगाई २०७८ श्रावण ३ गते भित्र प्राप्त गरी प्राप्त भएकै दिन प्रमाणित गरी सम्बन्धित बैंकमा पठाउन लगाई सो विवरण बमोजिमका चेकहरुको मात्र नियमित रुपमा भुक्तानी हुने व्यवस्थाका लागि आवश्यक समन्वय गर्ने साथै उक्त विवरणको आधारमा स्थानीय तहको नियमानुसारका प्रतिवेदन भिडान गर्ने तथा रकम फिर्ता भए नभएको एकीन गर्ने मूल कागजातका रुपमा अभिलेख राख्ने ।

.................................
डिल्ली अधिकारी
लेखा अधिकृत

टेलिफोन नं. :- ०१ ४७७१२९०, ४७७०८९५, ४७७०३८६ (ext - २१९), फ्याक्स : - ०१ ४७७१२९१,
email : tms@fcgo.gov.np, website : www.fcgo.gov.np

Scanned with CamScanner